# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, फागुन १५ गते २०५१ साल (संख्या ४५

## भाग ४

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

परराष्ट्र मन्त्रालयका सचिव श्री केदारभक्त श्रेष्ठ माननीय उप-प्रधानमन्त्रीको भारत भ्रमणको सिलसिलामा त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री मुरारीराज शर्मालाई मिति २०५१।१०।२२ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

जलस्रोत मन्त्रालयका सचिव श्री सूर्यनाथ उपाध्याय माननीय उप-प्रधानमन्त्रीको भारतको औपचारिक भ्रमणको सिलसिलामा त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव डा. भूपेन्द्रकुमार अर्याललाई मिति २०५१।१०।२२ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

गृह मन्त्रालयका सचिव श्री भोजराज पोखरेल मिति २०५१।१०।२५ गते देखि भैपरी आउने विदामा बस्नु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री श्रीकान्त रेग्मीलाई कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको का. मु. सचिव

## भूलसुधार

यस मन्त्रालयको मिति २०५१।१०।२९ मा प्रकाशित सूचनाको चौथो लाइनमा "सूति मलमल कपडा" हुनु पर्नेमा "सूति मखमल कपडा" भएको हुँदा भूलसुधार गरिएको छ ।

अर्थ मन्त्रालय ।

630



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग